# नागरिकता




LACC

जानकारी पुस्तिका

OXFAM

# नागरिकता


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, सिराहा
नेपाली नागरिकताको प्रमाणपत्र

नाम, थर :
जन्मस्थान :
स्थायी बासस्थान : जिल्ला वडा नं.
गा.वि.स./उ.म.न.पा.
जन्ममिति : साल महिना गते
बाबुको नाम थर : नागरिकता
ठेगाना :
आमाको नाम थर : नागरिकता
ठेगाना :
पति/पत्नीको नामथर : नागरिकता
ठेगाना :

Government of Nepal has issued this Citizenship Certificate with following details:
Citizenship Certificate No. Sex:
Full Name (in block):
Date Of Birth (AD) : Year Month Day
Birth Place (in block) :
Permanent Address (in block): District Ward No.
VDC/Municipality/Sub/Metropolis

नेपाल नागरिकता ऐन, २०६३ बमोजिम यो नागरिकताको प्रमाणपत्र दिइएको छ ।
नागरिकताको किसिम :
प्रमाणपत्र पाउनेको दस्तखत :
औंठाको छाप
(दायाँ) (बायाँ)
प्रमाणपत्र दिने अधिकारीको
दस्तखत :
नाम थर :
दर्जा :
मिति :
यो प्रमाणपत्र कसैले फेला पार्नु भएमा नजिकको जिल्ला प्रशासन कार्यालय वा प्रहरी कार्यालयमा बुझाइदिनुहोला ।

## जानकारी पुस्तिका

**© अक्सफाम नेपाल**

सम्पादन
रघुनाथ लामिछाने

प्रकाशन मिति
२०७४ पुस

प्रकाशक
अक्सफाम

डिजाइन
मिडिया क्याफे प्रालि

(यसमा समेटिएका सामग्री नेपाल नागरिकता नियमावली र नेपालको संविधान २०७२ मा भएको व्यवस्थामा आधारित छन् ।)

# पुस्तिका किन ?

१२ वैशाख, २०७२ मा आएको भूकम्पपश्चात् अक्सफामले स्थानीय संस्थाहरूसँग साझेदारीमा काठमाडौँ, ललितपुर, भक्तपुर, धादिङ, नुवाकोट, गोरखा तथा सिन्धुपाल्चोकमा विशेष कार्यक्रम सञ्चालन गरेको थियो । भूकम्पका कारण अति जोखिममा परेका समुदायलाई राहत वितरण गर्ने बेलादेखि नै भोगिएको एउटा समस्या नागरिकताको प्रमाणपत्र नहुनु पनि थियो । खासगरी सीमान्तकृत तथा एकल महिलाबीच काम गर्ने क्रममा नागरिकता नभएकै कारण उनीहरू थप कष्ट बेहोर्न बाध्य भएका पाइए ।

जसका कारण भूकम्पबाट प्रभावित भएको परिचयपत्रसमेत नपाउने अवस्थाले उनीहरू  सरकारी तथा गैरसरकारी संस्थाबाट दिइने सुविधाबाट समेत वञ्चित देखिए । यो समस्या पुनर्स्थापना तथा पुनर्निर्माण चरणसम्म आइपुग्दा झनै भयाबह बन्न पुग्यो । अर्थात सरकारले घर बनाउन दिने भनिएको सहयोग रकमसमेत उनीहरूले पाएनन् ।

यसपछि नै हो, अक्सफामले कानुनी सहयोग तथा परामर्श केन्द्र (ल्याक) र जिल्लास्थित स्थानीय साझेदारहरूको सहकार्यमा नागरिकताका सवालमा वकालत गर्ने निर्णय गरी व्यवहारमा लागु गरेको । यसै क्रममा स्थानीय तहमा अति जोखिम तथा सीमान्तकृत अवस्थामा रहेका महिलालाई सामुदायिक छलफल केन्द्र (रिफ्लेक्ट सर्कल) मार्फत नागरिकताबारे चेतना फैलाउने उद्देश्यले यो जानकारी पुस्तिका तयार पारिएको हो ।

**ल्याक,**
**अक्सफाम**

# विषय सूची


| विषय | पृष्ठ |
| --- | --- |
| १. नागरिकता भनेको के हो ? | ७ |
| २. नागरिकता प्रमाणपत्र किन आवश्यक छ ? | ७ |
| ३. नेपालको संविधान २०७२ मा भएको व्यवस्था | ९ |
| ४. नेपाली नागरिकता प्राप्त गर्दा अपनाउनुपर्ने प्रक्रिया | १३ |
| ५. नागरिकता सम्बन्धमा दण्ड सजायको व्यवस्था | १७ |
| ६. नेपाली नागरिकता नहुँदा भोग्नुपर्ने समस्या | २० |
| ७. नेपाली नागरिकता प्राप्तिका लागि आवश्यक पर्ने कागजहरू | २१ |
| ८. नागरिकता सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित केही महत्त्वपूर्ण नजिर | २२ |

# १. नागरिकता के हो ?

व्यक्तिलाई कुनै पनि देशमा बस्नका लागि कानुनी परिचयको आवश्यकता पर्छ । कानुनी परिचय वा पहिचान उसको जन्मसिद्ध अधिकार हो । व्यक्तिको पहिचानका आधारमा नै अन्य कानुनी अधिकार सिर्जना हुने हुनाले नागरिकता अन्य अधिकारको पनि स्रोत हो । कुनै व्यक्ति कुन देशको बासिन्दा हो भन्ने कानुनी परिचय नागरिकताले दिन्छ । यस कारण नागरिकता व्यक्तिको पहिचान र राष्ट्रियतालाई चिनाउने प्रमाणपत्र हो । यसलाई देश र नागरिकबीच सम्बन्ध कायम गर्ने माध्यम मान्न सकिन्छ । त्यसैले नागरिकता व्यक्तिलाई राज्यद्वारा प्रदान गर्ने अधिकार र सामाजिक सुरक्षा प्राप्त गर्ने आधार पनि हो । नेपालमा पनि नेपाली नागरिकलाई परिचय गराउनका लागि नागरिकताको प्रमाणपत्र दिने व्यवस्था छ । नेपालीलाई नागरिकताको प्रमाणपत्रले नेपाली हो भन्ने परिचय दिन्छ ।

# २. नागरिकताको प्रमाणत्र किन आवश्यक छ ?

नेपालीलाई नेपालको नागरिक हो भनी परिचय दिने कानुनी प्रमाण नै नागरिकताको प्रमाणपत्र हो । प्रत्येक नेपालीलाई तल उल्लिखित काम र सुविधाका लागि नागरिकताको प्रमाणपत्र आवश्यक पर्छ :

## आमाको नामबाट नागरिकता

काम गर्ने सिलसिलामा रविता शाक्यको सोलुखुम्बुका कुङ्गा नाम्ग्याल लामासँग भेट भयो। त्यसपछि उनीहरूबीच मन मिल्यो र एकापसमा विवाह गरे। दुई छोरी जन्मे– रोहिनी र रोजी। छोरीहरू सानै छँदा कुङ्गाको निधन भयो। रविताले छोरी हुर्काइन्। उमेर पुगेपछि रविताका छोरीहरू नागरिकताको प्रमाणपत्र बनाउन जिल्ला प्रशासन कार्यालय ललितपुर पुगे। बुबाको नाम देख्नेबित्तिकै 'यो मान्छे तिब्बतियन जस्तो छ, नागरिकता दिन मिल्दैन' भनेर फर्काइयो।

त्यसपछि ल्याक (कानुनी सहयोग तथा परामर्श केन्द्र) को सहयोगमा तत्कालीन गाविस कार्यालयमा गई सरजमिन मुचुल्का बनाइन्। अनि पुन : जिल्ला प्रशासन कार्यालय गए र आमाको नामबाट नागरिकता लिन निवेदन दिए। पुन : अघिल्लै पटक जस्तै जवाफ पाए। त्यसपछि उनीहरूले आमाको नामबाट नागरिकताको प्रमाणपत्र पाउँ भनी सर्वोच्च अदालतमा २०७१ सालमा रिट दर्ता गराए। सर्वोच्च अदालतले निवेदकहरूकै मागअनुसार २०७३ असोज १० गते आमाको नामबाट नागरिकता दिनू भन्ने आदेश दियो। यही फैसलाका आधारमा हाल दुवै जनाले आमाको नामबाट नागरिकता पाइसकेका छन्।

- देशको नागरिक भएको प्रमाणका लागि
- विवाह दर्ता गर्न
- आफ्नो सन्तानलाई नागरिकता दिन
- व्यापार/व्यवसाय गर्न
- अचल सम्पत्ति प्राप्त गर्न, किन्न तथा नक्सा पास गरी घर निर्माण गर्न
- हक हस्तान्तरण गर्न (नामसारी, राजीनामा, वकसपत्र)
- राजनीतिमा भाग लिन (मतदान गर्न तथा उम्मेदवार हुन)
- सङ्घ/संस्था खोल्न
- जागिर खान
- ऋण लिन अथवा बैंकसँग अन्य कारोबार गर्न
- राहदानी बनाउन
- उच्च शिक्षा हासिल गर्न
- नेपालमा नै बसोबास गर्नका लागि बासस्थान छनोट गर्न
- राज्यले नेपाली नागरिकलाई प्रदान गर्ने अधिकारका साथै सामाजिक सुरक्षा र सुविधाहरू (जस्तै- ज्येष्ठ नागरिक भत्ता, एकल महिला भत्ता, अपाङ्गता भत्ता आदि) प्राप्त गर्न ।
- मोबाइलको सिम लिन, बत्ति, पानी, टेलिफोन आदि सुविधा लिन
- राज्य तथा सङ्घ/संस्थाले दिने सहुलियत प्राप्त गर्न
- प्राकृतिक र मानवनिर्मित प्रकोप (भूकम्प, बाढी, पहिरो आदि) प्रभावितलाई दिइने परिचय प्राप्त गर्न
- चालक अनुमति प्रमाणपत्र (लाइसेन्स) लिन

## ३. नेपालको संविधान २०७२ मा भएको नागरिकतासम्बन्धी व्यवस्था

नेपालको संविधान, २०७२ को भाग २ ले नेपाली नागरिकता प्राप्त गर्न सक्ने आधारहरू सम्बन्धमा निम्न व्यवस्था गरेको छ :

यो संविधान लागु (२०७२ असोज ३ देखि) हुँदाका बखत नागरिकता प्राप्त गरेको व्यक्ति र प्राप्त गर्न योग्य व्यक्ति नेपालको नागरिक हुनेछ ।

### ३.१ वंशजका आधारमा नागरिकता

१. संविधान प्रारम्भ हुनुभन्दा अघि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको व्यक्ति नेपालको संविधान (२०७२) प्रारम्भ हुनुभन्दा अघि वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गरेको व्यक्ति वंशजको आधारमा नेपाली नागरिक भनी मान्यता दिइएको छ ।

२. नेपाली बाबु वा आमाको सन्तान :

   कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपाली नागरिक रहेछ भने त्यस्तो व्यक्तिले वंशजको आधारमा नेपालको नागरिकता लिन पाउँछ ।

## यसरी पनि पाइन्छ नागरिकता

नारायण बिष्ट ललितपुरको बुङमतीमा बस्थे । दिदीसँग काठमाडौँमा बस्ने ओखलढुङ्गाकी सुनीतासँग उनले विवाहको प्रस्ताव राखे । श्रीमतीको क्यान्सरबाट निधन भएको र एक छोरी भएको बताए । सुनीता र उनकी दिदीले यो कुरा पत्याए । अनि गुहेश्वरी मन्दिरमा लगेर विवाह पनि गरिदिए । नारायणले अफिसमा राति पनि ड्उटी गर्नुपर्ने बहानामा सुनीतालाई डेरामै राखे । घर लगेनन् ।

एकातिर सुनीता गर्भवती भइन् अर्कोतर्फ नारायणको उनीप्रतिको व्यवहार पनि नकारात्मक हुँदै जान थाल्यो । त्यसपछि त नारायण डेरामै आउन पनि छाडे । भाडा तिर्ने कुरा त परै जाओस् । यसैबीच छोरा जन्मियो । अचाक्ली भएपछि सुनीता नारायणको अफिसमै पुगिन् र यस्तो व्यवहार गर्नाको कारण सोधिन् । उनले 'तँसँग मेरो श्रीमती भन्ने केही प्रमाण छैन, मलाई मतलव पनि छैन जे मन लाग्छ गर' भनेर धम्क्याए । पछि बुझ्दा सुनीताले थाहा पाइन् कि उनकी श्रीमती सकुशल रहिछन् ।

बेसहारा भएकी सुनीता त्यसपछि ल्याकको सम्पर्कमा पुगिन् । अनि ल्याककै सल्लाह र सहयोगमा वडाबाट सिफारिस ल्याइन् र

ललितपुर जिल्ला अदालतमा अंश तथा मानाचामल मुद्दा दिइन्। मुद्दाका क्रममा उनका श्रीमान्ले नातामा नै विवाद देखाए तर सुनीताले मुद्दा जितिन्।

सोही फैसलाको आधारले उनले वडाबाट सिफारिस लिएर जिल्ला प्रशासन कार्यालयमा नागरिकता पाउन निवेदन दिइन्। तर त्यहाँबाट मिल्दैन भनियो। पुन : ल्याकको सल्लाहमा प्रहरीमार्फत नारायणलाई झिकाएर सनाखत गर्न लगाइयो। अनि सुनिताले नागरिकता पाइन। त्यतिमात्रै हैन, यसपछि नाबालक छोराको पनि जन्म दर्ता भयो।

३. आमा र बाबुको ठेगान नभएको नाबालक :

नेपाल सरहदभित्र फेला परेको पितृत्व र मातृत्वको ठेगान नभएको नाबालकको बाबु वा आमा फेला नपरेसम्म वंशजको आधारमा नेपाली नागरिक ठहर्नेछ।

४. नेपालको नागरिक आमाबाट वंशजको आधारमा नागरिकता :

नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेका र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिन्छ। तर बाबु विदेशी नागरिक ठहरिएमा यस्तो व्यक्तिको नागरिकता सङ्घीय कानुनबमोजिम अङ्गीकृत (वंशजको आधारमा नभएको) नागरिकतामा परिणत हुनेछ।

५. नेपालको नागरिक आमा र विदेशी बाबुबाट जन्मिएको सन्तान (यदि नागरिकता प्राप्तिको समयमा दुवै अभिभावक (आमा-बुबा) नेपाली नागरिक भएमा) :

नेपालमा नेपाली आमा र विदेशी बाबुबाट जन्मिएको सन्तानले नागरिकता प्राप्त गर्दाका बखत निजका आमा र बाबु दुवै नेपाली नागरिक रहेछन् भने वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्नेछन्।

६. जन्मका आधारमा नेपालको नागरिकता प्राप्त गरेको नागरिकको सन्तानको बाबु वा आमा दुवै नेपाली नागरिक भएमा :

जन्मका आधारमा नेपालको नागरिकता प्राप्त गरेको बाबु वा आमाको सन्तानले यदि दुवै बाबु र आमा नेपालको नागरिक रहेछन् भने वंशजका आधारमा नेपालको नागरिकता प्राप्त गर्नेछ ।

## ३.२ अङ्गीकृत नागरिकता

१. विदेशीसँग विवाह गरेकी नेपाली नागरिक आमाको सन्तान :

विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएको सन्तानको हकमा नेपालमा जन्मी नेपालमा नै स्थायी बसोबास गरेको र बाबुको नागरिकताको आधारमा निजले विदेशी मुलुकको नागरिकता लिएको रहेनछ भने निजले नेपालको अङ्गीकृत नागरिकता प्राप्त गर्न सक्नेछ । तर नागरिकता प्राप्त गर्दाका बखत निजका आमा बुबा दुवै नेपाली नागरिक रहेछन् भने निजले वंशजको आधारमा नेपालको नागरिकता प्राप्त गर्न सक्नेछ ।

२. नेपाली पुरुषसँग वैवाहिक सम्बन्धका आधारमा :

नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध कायम गरेकी विदेशी महिलाले चाहेमा सङ्घीय कानुनबमोजिम अङ्गीकृत नेपाली नागरिकता लिन सक्नेछिन् ।

३. सङ्घीय कानुनबमोजिम अन्य प्रकार :

नेपाल सरकारले सङ्घीय कानुनबमोजिम नेपालको अङ्गीकृत नागरिकता प्रदान गर्न सक्नेछ ।

## ३.४ अन्य प्रकारका

१. क्षेत्र गाभिँदाका आधारमा नागरिकता :

नेपालभित्र गाभिने गरी कुनै क्षेत्र प्राप्त भएमा सो क्षेत्रभित्र बसोबास भएको व्यक्ति प्रचलित कानुनका अधीनमा रही नेपालको नागरिक हुनेछ ।

२. सम्मानार्थ नागरिकता :

नेपाल सरकारले सङ्घीय कानुनबमोजिम नेपालको सम्मानार्थ (सरकारले कुनै विशिष्ट नागरिकलाई यस्तो नागरिकता दिन सक्ने व्यवस्था छ) नागरिकता प्रदान गर्न सक्नेछ ।

३. गैरआवासीय नेपाली नागरिकता प्रदान गर्न सकिने :

विदेशी मुलुकको नागरिकता प्राप्त गरेको दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) को सदस्य राष्ट्रबाहेकका देशमा बसोबास गरेको साबिकमा वंशजको वा जन्मको आधारमा निज वा निजको बाबु वा आमा, बाजे वा बज्यै नेपालको नागरिक रही पछि विदेशी मुलुकको नागरिकता प्राप्त गरेको व्यक्तिलाई सङ्घीय कानुनबमोजिम आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार उपभोग गर्न पाउने गरी नेपालको गैरआवासीय (नेपालबाहिर बस्ने व्यक्ति) नागरिकता प्रदान गर्न सकिनेछ ।

### लैङ्गिक पहिचान

२०७२ को संविधानले वंशजको आधारमा नागरिकता प्राप्त गर्दा व्यक्तिको लैङ्गिक पहिचान (तेस्रो लिङ्गी, द्वैलिङ्गी आदि) सहितको नागरिकता प्राप्त गर्न सकिनेछ भन्ने व्यवस्था गरेको छ ।

# ४. नेपाली नागरिकता प्राप्त गर्दा अपनाउनुपर्ने प्रक्रिया

## ४.१ वंशजको आधारमा

वंशजको नाताले नेपाली नागरिकताको प्रमाणपत्र लिन चाहने १६ वर्ष उमेर पूरा भएको नेपाली नागरिकले सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष तल उल्लिखित कागजात संलग्न राखी तोकिएबमोजिमको ढाँचामा निवेदन दिनुपर्नेछ :

(क) बाबु वा आमा वा आफ्ना वंशतर्फका तीन पुस्ताभित्रको नातेदारको नेपाली नागरिकताको प्रमाणपत्र ।

(ख) जन्मस्थान र नाता खुल्ने गरी सम्बन्धित स्थानीय तह (गाउँपालिका/नगरपालिकाको वडा कार्यालय) ले गरिदिएको सिफारिस वा जन्म दर्ता प्रमाणपत्र ।

(ग) तीन पुस्ताभित्रको नातेदारको नागरिकताको प्रमाणपत्र पेस गरेको अवस्थामा उक्त नातेदारसँगको नाता खुल्ने नाता प्रमाणित पत्र ।

माथि उल्लेख भएबमोजिमका प्रमाण पेस गर्न नसक्नेलाई देहायका कागजातका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र दिन सकिनेछ :

(१) निज वंशजको नाताले नेपालको नागरिक भएको र नेपालमा जन्म भई स्थायीरूपमा बसोबास गरिआएको बेहोरा खुल्ने गरी स्थानीय तह (वडा कार्यालय) का प्रतिनिधिको उपस्थितिमा स्थलगत सरजमिन ।

(२) सम्बन्धित वडामा बसोबास गर्ने नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेका तीनजना नेपाली नागरिकले सरजमिनस्थलमै गरिदिएको सनाखत (यो सही हो भनेर दस्तखतसहित गरिदिएको कागज) ।

## ४.२ मातृत्व र पितृत्वको ठेगान नभएको नाबालक

(क) नेपाल सरकारबाट स्वीकृति प्राप्त बालमन्दिर वा अनाथ बालबालिका संरक्षण गर्ने सङ्घ/संस्था वा अनाथालयको संरक्षणमा हुर्के/बढेको भए त्यस्तो संस्थाको सिफारिस ।

(ख) कुनै व्यक्तिविशेषले प्रचलित कानुनबमोजिम संरक्षकत्व प्राप्त गरी (अभिभावक बनेर) पालनपोषण गरेको भए पालनपोषण गर्ने व्यक्तिको नागरिकताको प्रमाणपत्रको फोटोकपी । (यो व्यवस्था प्रयोगमा खासै आएको पाइन्न)

(ग) नेपालभित्र फेला परेको आमा र बाबुको ठेगान नभएको निवेदकको आमा-बाबु सम्बन्धमा थप कुरा बुझ्नुपर्ने भएमा आवश्यकताअनुसार वडा कार्यालयको सिफारिस वा प्रहरी प्रतिवेदन माग गर्न सकिनेछ ।

## ४.३ विवाहको आधारमा

नेपाली नागरिकसँग वैवाहिक सम्बन्ध भएकी विदेशी महिलाले नेपालको नागरिकता प्राप्त गर्न चाहेमा तल उल्लिखित कागजात संलग्न गरी सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनुपर्नेछ :

(क) नेपाली नागरिकसँग भएको वैवाहिक सम्बन्ध खुल्ने गरी सम्बन्धित वडा कार्यालयले गरिदिएको सिफारिस ।

(ख) निजले विदेशी नागरिकता त्याग्ने कारबाही चलाएको निस्सा ।

## ४.४ विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएका सन्तानको हकमा

विदेशी नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकबाट जन्मिएका सन्तानको हकमा निम्न कागजातसहित प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनुपर्नेछ :

(क) आमाको नेपाली नागरिकताको प्रमाणपत्रको फोटोकपी ।

(ख) नेपालमा जन्म भई स्थायी बसोबास गरेको बेहोरा खुल्ने सम्बन्धित स्थानीय तहको सिफारिसपत्र ।

(ग) बाबुको नागरिकताका आधारमा निजले विदेशी मुलुकको नागरिकता नलिएको प्रमाण ।

माथि उल्लिखित प्रमाण पेस गर्न नसक्ने व्यक्तिहरूका लागि निम्न कागजातका आधारमा नेपाली नागरिकताको प्रमाणपत्र जारी गर्न सकिनेछ ः

(१) निवेदकको नेपालमा जन्म भई निरन्तररूपमा स्थायी बसोबास गरिआएको बेहोरा खुल्ने गरी स्थानीय तहका प्रतिनिधिको उपस्थितिमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त स्थानीय बासिन्दाहरूले गरिदिएको स्थलगत सरजमिन ।

(२) सम्बन्धित वडामा बसोबास गर्ने नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त तीनजना नेपाली नागरिकले सरजमिन गर्ने ठाउँमै गरिदिएको सनाखत ।

## जे गर्‍यो नागरिकताले गर्‍यो

मैले आफूखुसी बिहे गरेको भन्ने रिसले घर परिवारले हेलाँ गरे। बुबा/आमाले नागरिकता पनि बनाइदिएनन्। मेरा दुई छोरा भइसकेका थिए। श्रीमान्को पनि अर्की श्रीमती रहिछिन्। पछि थाहा पाएँ। श्रीमान् विस्तारै टाढा हुँदै गए। आफ्नो र दुई सन्तानको लालनपालनको जिम्मेवारी मेरै काँधमा आयो। कतै सङ्घ/संस्थामा जागिरका लागि निवेदन दिँदा पनि नागरिकता माग्थे। तर मसँग थिएन। जति प्रयास गर्दा पनि बनाइदिएनन्।

नागरिकताका लागि निकै भौतारिएँ। अनि हाम्रै गाउँमा काम गर्ने संस्थाका मेडमहरूसँग समस्या राखेँ। उहाँहरूकै सहयोगबाट म नागरिकता बनाउन सफल भएँ। त्यसपछि २०७४ वैशाखमा हुने चुनावका लागि म्यादी प्रहरीमा भर्ना खुल्यो। मैले पनि निवेदन दिएँ। ४५ दिन काम गरेबापत ७५ हजार रुपियाँ पाएँ। त्यो पैसामा ५ हजार थपेर अहिले जग्गा किनेकी छु। संस्थाकै सहयोगमा बजारमा सिलाइ पसल राखेकी छु। अब कमाएर बच्चा पाल्दै उक्त जग्गामा एउटा बास बनाउने योजना छ। मलाई यो योजना बनाउन आँट आउनुको मुख्य कारण नागरिकता नै हो।

–शर्मिला परियार
हर्मी, सिरानचोक गापा–३, गोरखा

### ४.५ अङ्गीकृत नेपाली नागरिकता प्राप्त गरेको व्यक्तिको सन्तानको हकमा

निजले सो नागरिकता प्राप्त गर्नुभन्दा पहिले जन्मेका सन्तानले अङ्गीकृत नेपाली नागरिकता प्राप्त गर्न चाहेमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिन सक्नेछ । निवेदनसाथ नाता प्रमाणित पत्र, बाबु वा आमाको नागरिकताको प्रमाणपत्रको फोटोकपी र निज नेपालमा बसोबास गरिरहेको बेहोराको स्थानीय तहले गरिदिएको सिफारिसपत्र संलग्न गर्नुपर्नेछ ।

## नागरिकता प्राप्त गर्ने प्रक्रिया

### नागरिकता कहिले बनाउन सकिन्छ ?

१६ वर्ष उमेर पूरा भएपछि ।

### नागरिकताका लागि सिफारिस बनाउन कहाँ र कोसमक्ष निवेदन दिने ?

सम्बन्धित वडा कार्यालयमा निवेदन दिइ सिफारिस प्राप्त गर्ने

### नागरिकताका लागि सिफारिस बनाउन के/के कागज पेश गर्नुपर्छ ?

जन्म दर्ता, विवाह दर्ता, आमा वा बाबुको नेपाली नागरिकता, बाबु वा आमा नभए बाबु वा आमापट्टिको नजिकको आफन्तको नागरिकताको फोटोकपी, नाता प्रमाणित

### माथि उल्लिखित कागजात नभए के गर्ने ?

निज वंशजको नाताले नेपालको नागरिक भएको र नेपालमा जन्म भई स्थायीरूपमा बसोबास गरिआएको बेहोरा खुल्नेगरी स्थानीय

तहका प्रतिनिधिको उपस्थितिमा स्थलगत सरजमिनका लागि निवेदन दिने र सरजमिन गराउने । सम्बन्धित वडामा बसोबास गर्ने नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेका तीनजना नेपालीबाट सरजमिनस्थलमै सनाखत गराउने ।

सम्बन्धित वडाबाट प्राप्त सिफारिससहित आफ्नो जन्म दर्ता, विवाह दर्ता, बाबु वा आमाको नागरिकता, बाबु आमा नभए निजहरूको मृत्यु दर्ता, वंशजपट्टिको नजिकको नातेदारको नागरिकताको फोटोकपी तथा माथि उल्लिखित कागजहरू जुटाउन नसकेमा गाउँपालिका वा नगरपालिकाको वडा कार्यालयबाट सरजमिन मुचुल्काको कागजसहित सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा आवश्यक फाराम भरी पासपोर्ट साइजको फोटो टाँसी निवेदन दिई नागरिकताको प्रमाणपत्र प्राप्त गर्न सकिन्छ ।

## ५. नागरिकता सम्बन्धमा दण्ड सजायको व्यवस्था

### ५.१ विदेशीको हकमा

कुनै विदेशीले नेपाली नागरिक भएको दाबी गरी झुटो विवरण दिई नेपाली नागरिकता प्राप्त गरेमा एक वर्षदेखि पाँच वर्षसम्म कैद

## नागरिकता भएकै कारण...

श्रीमान्ले अर्की श्रीमती ल्याएपछि हेलाँ गर्न थाले। कुटपिटसमेत हुन थाल्यो। विवाह दर्ता गरिदेऊ भन्दा पनि कहिल्यै गरिदिएनन्। अनि जिल्लाकै सहयात्री नेपाल नामक संस्थाको सहयोगमा जिल्ला अदालत गएँ मुद्दा हाल्न भनेर। त्यही मुद्दा हाल्न पनि विवाह दर्ता प्रमाणपत्र चाहिने रहेछ। मैले श्रीमान्ले विवाह दर्ता गरिदिएका भए, खान/लाउन दिएका भए त किन मुद्दा हाल्न आउँथे र भनेँ। त्यसपछि नागरिकता छ त भनेर सोधे। मैले छ भनेँ र यसै आधारमा मुद्दा हालेँ।

अहिले अदालतकै सहयोगमा मैले श्रीमान्को भागको घर छोरीहरूको नाममा गराउन सकेँ। मलाई महिनाको ५ हजार रुपियाँ खानपिनका लागि दिने सहमति पनि गराएको छ अदालतले। साथै छोरीहरूको लालनपालन र पढाइलेखाइको सबै जिम्मा पनि श्रीमान्ले गर्नुपर्ने व्यवस्था भएको छ। धन्न नागरिकता बनाएछु पहिल्यै, नत्र त मुद्दा हाल्न पनि अप्ठेरो पर्ने रहेछ। अधिकार पाउने त कता हो कता ?

–रमा अधिकारी
कल्लेरीटार, गल्छी गाउँपालिका–१, धादिङ

वा पचास हजार रुपियाँदेखि एक लाख रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ । त्यसरी प्राप्त गरेको नागरिकता स्वत : खारेज हुनेछ ।

### ५.२ विदेशीलाई नागरिकता दिलाउने व्यक्तिको हकमा

कुनै विदेशीलाई झुटो विवरणका आधारमा नागरिकता दिलाउने कार्यमा सनाखत वा सिफारिस गर्ने व्यक्तिलाई ६ महिनादेखि तीन वर्षसम्म कैद वा २५ हजारदेखि ५० हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

### ५.३ झुटो वा किर्ते प्रमाणपत्र खडा गरेमा

कसैले नेपाली नागरिकताको झुटो प्रमाणपत्र खडा गरेमा वा बनाई प्रयोग गरेमा त्यस्तो कार्य गर्ने/गराउने व्यक्तिलाई एक वर्षदेखि पाँच वर्षसम्म कैद वा बीस हजारदेखि एक लाख रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

### ५.४ विवरणमा आफूखुसी थप-घट गरेमा

कसैले सक्कल नागरिकताको प्रमाणपत्रमा भएको विवरणमा आफूखुसी थप-घट गरेमा वा सच्याएमा त्यस्तो कार्य गर्ने/गराउने व्यक्तिलाई तीन महिनासम्म कैद वा दस हजार रुपियाँसम्म जरिवाना वा दुवै सजाय हुनेछ ।

### ५.५ नियम उल्लङ्घन गरेमा

झुटो विवरण दिई नागरिकताको प्रमाणपत्र प्राप्त गरेमा वा आफ्नो नेपाली नागरिकताको प्रमाणपत्रमा रहेको नाम, थर, उमेर, वतन वा

अन्य विवरण गल्ती भई सच्याइएको विवरण झुटो प्रमाणित भएमा त्यस्तो झुटो विवरण दिने व्यक्ति वा ऐन वा नियम उल्लङ्घन गर्ने/गराउने व्यक्तिलाई पन्ध्र हजार रुपियाँसम्म जरिवाना हुनेछ ।

## ५.६ कर्मचारीउपर विभागीय कारबाही

नेपाली नागरिकताको प्रमाणपत्र दिने अधिकारीले जानी-जानी वा गलत नियत राखी ऐन वा नियमविपरीत हुने गरी नागरिकताको प्रमाणपत्र दिएमा वा नागरिकताको प्रमाणपत्रको विवरण सच्याएमा त्यस्तो पदाधिकारी वा कर्मचारीउपर कारबाही हुने व्यवस्था छ ।

## ५.७ झुटो विवरणका आधारमा सनाखत वा सिफारिस गरेमा

विदेशीले झुटो विवरण दिई नेपाली नागरिकता प्राप्त गरेमा, झुटो विवरणका आधारमा नागरिकता दिलाउने कार्यमा सनाखत वा सिफारिस गरेमा, झुटो प्रमाणपत्र खडा गरेमा वा बनाई प्रचलनमा ल्याएमा सजाय हुने कसुर गर्न उद्योग गर्ने वा मद्दत गर्ने व्यक्तिलाई तोकिएको सजायको आधा सजाय हुनेछ ।

## यस्ती पो सासू त

मेरा श्रीमान् जाँडरक्सी धेरै खाने गरेर त्यत्तिकै बरालिएर हिँड्थे। मलाई निकै तनाव दिन्थे। पछि त मानसिक सन्तुलन पनि खलबलियो। यही कारण मैले उनीबाट धेरै हिंसा बेहोर्नुपर्‍यो। म नियमितरूपमा गाउँकै सचेतना केन्द्रमा जान्थेँ। त्यहाँ छलफलका क्रममा थाहा पाएँ कि यस्तो अवस्थामा महिलाले श्रीमान्सँग अंश माग्नुपर्‍यो वा मुद्दामामिला गर्नुपर्‍यो भने नागरिकता नभई हुन्न भन्ने।

त्यसैले मैले यस्तो अवस्था आइपरे चाहिन्छ भनेर आफ्नो नागरिकता त बनाएँ नै, साथै माइत बसेकी बुहारीको पनि आफैँ अग्रसर भएर नागरिकता बनाइदिएँ। के थाहा र, छोरो विदेशमा छ, के हो के ? भोलि बुहारीले पनि म जस्तै दु :ख पाउने पो हो कि भनेर गाउँकै ५ जना नागरिकताधारीको सरजमिन गराएँ र आफैँ साक्षी बसेर छोरो नभए पनि नागरिकता बनाइदिएँ।

–रनमाया सार्की
गोलाङ, त्रिपुरासुन्दरी
गाउँपालिका–६, धादिङ

## ६. नेपाली नागरिकता नहुँदा भोग्नुपर्ने समस्या

- नागरिकको हैसियत नहुने
- उच्च शिक्षा हासिल गर्न नपाइने
- राहदानी लिन नपाइने
- विदेश भ्रमण, वैदेशिक रोजगारीमा जान नपाइने
- रोजगारीको अधिकारबाट वञ्चित हुने
- व्यापार/व्यवसाय गर्न नपाइने
- घर, जग्गा आफ्नो नाममा खरिद गर्न नपाइने
- मतदान गर्न नपाइने
- उम्मेदवार बन्न नपाइने
- बैँक खाता खोल्न नपाइने
- सरकारद्वारा वितरण गरिने सुविधा (जस्तै- विधवा भत्ता, अपाङ्गता भत्ता, ज्येष्ठ नागरिक भत्ता, दलित बच्चाको भत्ता आदि) बाट वञ्चित भइने
- महिलाको नाममा घर जग्गा खरिद गर्दा राजश्वमा छुट लिन नपाइने (सरकारले घर जग्गा खरिद गर्दा महिलाको नाममा पास गरेमा छुट दिने व्यवस्था गरेको छ)
- प्रकोप प्रभावित, द्वन्द्व प्रभावित, लैङ्गिक हिंसा प्रभावितले राज्यबाट प्राप्त गर्ने सुविधाबाट वञ्चित भइने
- उच्च शिक्षाका लागि छात्रवृत्ति प्राप्त गर्न नपाइने
- न्याय सेवा, निजामती सेवा, शिक्षा सेवालगायतका सरकारी नोकरीका लागि महिला, जनजाति, मधेसी, दलित, पिछडिएको दुर्गम क्षेत्रका व्यक्तिलाई गरिएको आरक्षणमा आवेदन दिई रोजगारीको सुविधा प्राप्त गर्न सकिने सुविधाबाट वञ्चित भइने ।

## ७. नेपाली नागरिकता प्राप्तिका लागि आवश्यक कागजहरू

- जन्म दर्ता प्रमाणपत्रको फोटोकपी
- विवाह दर्ता प्रमाणपत्रको फोटोकपी
- बाबु वा आमाको नागरिकताको प्रमाणपत्रको फोटोकपी
- सम्बन्धित वडाको सिफारिसपत्र
- बाबु वा आमा नभए नजिकको आफन्तको नागरिकताको प्रमाणपत्र फोटोकपी
- बाबु वा आमाको मृत्यु भएमा मृत्यु दर्ता प्रमाणपत्र फोटोकपी
- नाता प्रमाणित कागजको फोटोकपी
- माथि उल्लिखित कागजहरू जुटाउन नसकेमा गाउँपालिका वा नगरपालिकाको वडा कार्यालयबाट सरजमिन मुचुल्काको कागज

# ८. नागरिकता सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित केही महत्त्वपूर्ण नजिर




## नक्कली महर्जनविरूद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत

प्रस्तुत विवादमा विपक्षीमध्येको कीर्तिपुर नगरपालिकाको लिखित जवाफबाट निवेदकलाई बाबुको नामबाट नागरिकता लिन सिफारिस नगरेको भन्ने कुरा स्वीकार गरेको मिसिलबाट देखिन आएको अवस्थामा उपरोक्त अन्तर्राष्ट्रिय महासन्धिहरूका साथै नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८(२) एवम् नेपाल नागरिकता ऐन, २०६३ को दफा ३(१) बमोजिम कुनै व्यक्तिको जन्म हुँदा निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको नाताले नेपालको नागरिक हुने कानुनी व्यवस्था रहेबाट समेत लिङ्ग वा वैवाहिक स्थितिको आधारमा निवेदकलाई भेदभाव गरी नागरिकताको प्रमाणपत्र लिनबाट वञ्चित हुने गरी विपक्षी कीर्तिपुर नगरपालिकाबाट सिफारिस नदिने गरी भएको कार्यलाई कानुनसम्मत भन्न मिल्ने अवस्था देखिन आएन । अत : निवेदन मागदावीबमोजिम निवेदिका नक्कली महर्जनलाई निजको बाबुको नाउँबाट नेपाली नागरिकताको प्रमाणपत्र बनाउनका लागि सिफारिस दिनू भनी विपक्षी कीर्तिपुर नगरपालिकाको नाउँमा परमादेशको आदेश जारी हुने ।

## सविना दमाईसमेतविरूद्ध नेपाल सरकार

सविना दमाईसमेतविरुद्ध नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार, काठमाडौँसमेत निवेदिका नेपाली नागरिक (आमा) बाट नेपालमा जन्मेको देखिएकाले निवेदिकालाई आमाको नामबाट कानुनबमोजिम नेपालको नागरिकता प्रदान गर्नू भनी विपक्षीको नाममा परमादेश जारी गरिएको साथै नेपालको अन्तरिम संविधानको धारा ८(२) अनुसार आमाको नामबाट नेपाली नागरिकता प्राप्त गर्न सक्ने स्पष्ट व्यवस्था भएको भए तापनि व्यवहारमा अझै कार्यान्वयन हुन नसकेको हुँदा निवेदिकाको जस्तै अवस्था भएका अन्य कुनै व्यक्ति कानुनबमोजिम नेपाली नागरिकता प्राप्त गर्नका लागि आमा नेपाली नागरिक भन्ने प्रमाणित भएको बाबुको ठेगाना नभएको तर नेपाली नागरिक आमाबाट नेपालमा जन्मेको बालबालिकाले आमाको नामबाट नागरिकता माग्न आएमा नेपाल नागरिकता ऐन २०६३ र नेपाल नागरिकता नियमावली २०६३ को रीत र कार्यविधि पूरा गरी आमाको नामबाट सहज तरिकाले नागरिकताको प्रमाणपत्र उपलब्ध गराउन देशव्यापीरूपमा सबै प्रमुख जिल्ला अधिकारीको नाममा परिपत्र जारी गरी आवश्यक व्यवस्था गर्नू भनी विपक्षी गृह मन्त्रालयको नाममा यो निर्देशात्मक आदेश जारी गरिएको ।

कानुनी सहयोग तथा परामर्श केन्द्र (LACC)
मानभवन, ललितपुर नेपाल
फोन : ५५४३१११, ५५४२९९९
फ्याक्स +९७७ १ ५५५२८१४
E-mail : lacc@wlink.com.np

OXFAM
अक्सफाम नेपाल कार्यालय
जावलाखेल-२०, ललितपुर, नेपाल | टेलिफोन नं : +९७७ १ ५५४२८८१
फ्याक्स : +९७७ १ ५५२३१९७
Website: www.nepal.oxfam.org | www.twitter.com/OxfamInNepal
www.facebook.com/OxfamInNepal